# सालघारी सामुदायिक वन उपभोक्ता समूह

## कमलामाई न.पा. -१, सिन्धुली

### गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८३।०४।०२)**

यस समूहको स्वीकृत वन कार्ययोजनाअनुसार यस समूहको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा संकलन हुन आएका निम्न जातको काठ हाल जे जस्तो अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम मूल्याङ्कन दरमा नघटाई सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मु.अ.करमा दर्ता भएको स्थायी लेखा नं. प्राप्त काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका व्यक्ति फर्म, संस्था वा कम्पनी सुचिकृत पत्रलिएका व्यवसायीहरुले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३।०४।०२ मा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र तपशिलमा तोकिएको स्थानबाट बोलपत्र खरीद गरी निम्न रीत पुऱ्याई बोलपत्र तोकिएको स्थानमा दाखिला गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१) लिलाम हुने **वन पैदावारको विवरण:**

| क्र.सं. | लट नं. | जात | ग्रेड | थान | क्यू.फि | प्रति क्यू.फि. दर | न्यूनतम मूल्य | जम्मा न्यूनतम मूल्य | जम्मा थान | जम्मा क्यू.फि | घाटगद्दी स्थान | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | साल | A | २७ | ४३८.४७ | १२५० | ५४८०८७.५ | | | | बद्रिपुर चौर | |
| | | साल | B | १२ | ११९.५५ | ९०० | १०७५९५.० | | | | | |
| | | साल | C | १० | ६५.२ | ६०० | ३९१२०.० | | | | | |
| | | चिलाउने | | ७ | १६८.२३ | २०० | ३३६४६.० | | | | | |
| | | दाउरा | | | १ | १२००० | १२०००.० | | | | | |
| | | जम्मा | | ५६ | ७९१.४५ | | ७४०४४८.५ | ७४०४४८.५ | ५६ | ७९१.४५ | | |

२. बोलपत्र फाराम प्रति लट रु. १०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, मरिणबाट मिति २०८३।०४।०२ गतेदेखि २०८३।०४।२२ गते कार्यालय समयभित्र खरीद गर्न सकिनेछ ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय: २०८३।०४।२३ गते दिउसो १२:०० बजे माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस समूहको रा.वा.बैंक, सिन्धुलीमा रहेको बचत/चल्ती हि.नं.. १०६०१०००१७०६३००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस समूहले रा.वा.बैंक सिन्धुलीवाट भुक्तानी पाउने गरी यस समूहको नाममा खिचिएको बैक ग्यारेन्टी कम्तीमा ६ महिनको ड्राफ्ट समावेश राखी पेश गर्नुपर्नेछ ।

५. उपरोक्त कार्यालयहरुबाट बिक्री तथा दाखिला भएका बोलपत्रहरु बिक्री गर्ने उपरोक्त कार्यालयहरुबाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी अन्तिम मितिको तेस्रो दिन यस समूहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावर माथि उल्लेखित घाटगद्दी भएको स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक फर्म, संस्था वा कम्पनी प्रोपाइटरको फर्मको प्रमाण पत्रको प्रतिलिपि, प्राइभेट फर्मको प्रमाण पत्र (नवीकरण भएको) प्रतिलिपि र प्रतिनिधिद्वारा बोलपत्र खरीद गरिने भए प्रोपाइटरको इच्छा पत्र (छाप लागेको) समेत संलग्न राखी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. रीतपूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु दाखिला भएको भोलिपल्ट कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्बन्धित सब डिभिजन कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरी पेश गर्नुपर्नेछ । केरमेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ ।

११. बोलपत्रदाताले बोलपत्र शिलवन्दी गरेको खामको बाँया तर्फ नाम, ठेगाना लेखी फर्मको छाप समेत लगाई खामको दाँयातर्फ अध्यक्षलाई सम्बोधन गरी सकार गर्ने लट नं. समेत उल्लेख गर्नुपर्नेछ ।

१२. म्याद नाघी, रीत नपुऱ्याई वा शर्त राखी वा अन्य कुनैपनि तरीकावाट आएको बोलपत्र उपर कार्यवाही गरिने छैन ।

१३. बोलपत्र खरीद, दाखिला र खोलिने दिन बिदा पर्न गएमा सो कार्य सोको भोलिपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुनेछ ।

१४. लिलाम स्वीकृत भएको सूचना यस समूहको सूचना पाटीमा टाँस भएको मितिले १० दिन भित्र सकार गरेको रकम, मूल्य अभिवृद्धि कर, संकलन खर्च समेत बुझाई काठ/वन पैदावार उठाई लैजानु पर्नेछ । म्याद भित्र उक्त रकम दाखिला नगरेमा सम्बन्धित लटको धरौटी जफत गरिनेछ ।

१५. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहनेछ ।

१६. विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१७.वन नियममावली २०७९को नियम १२८ बमोजिमको कागजात रहनु पर्ने छ ।

अध्यक्ष